हामीले आफ्नो बाल्यकालमा
आमाबुवासँग बस्न, खेल्न र
विद्यालय जान पायौँ । आफ्नो
इच्छा अनुरुप काम गर्न पायौँ ।





गरिबी र बालश्रम भनेको चक्र जस्तै हो ।
गरिबीका कारण बालबालिका श्रममा जानु
परेको छ भने श्रममा गएका बालबालिकाले
उचित अवसर नपाउँदा उनीहरू फेरि
गरिबीको रेखामुनि नै रहन्छन् ।





## बालबालिका श्रममा हुँदा

- पढ्नबाट वञ्चित
- चोटपटक लाग्ने
- गालीगलौज/ कुटपिट
- हिंसा, दुर्व्यवहारमा पर्ने
- परिवारको माया पाउनबाट वञ्चित
- क्षमता भन्दा बढी काम गर्दा स्वास्थ्य तथा वृद्धिमा असर
- बेचबिखन तथा ओसारपसारमा पर्न सक्ने
- पूरा तलब पाउन समस्या / तलब आफ्नो हातमा नपर्ने
- आफ्ना लागि बोल्न नसक्ने
- बेचिएर यौनदुर्व्यवहारमा पर्ने

## तर नेपालमा अझै पनि **१६ लाख**

भन्दा बढी बालबालिका श्रमिकका रूपमा
विभिन्न क्षेत्रहरूमा काम गरिरहेका छन् ।

नेपालमा बालश्रममा संलग्न
**३० प्रतिशतभन्दा बढी**
बालबालिका जोखिमपूर्ण
श्रममा संलग्न छन् ।



यातायात



घर, होटल र मनोरञ्जन क्षेत्र



गलैंचा



जरी



## बालबाललिकालाई श्रममा लगाए

कसैले पनि बालबालिकालाई ललाईफकाई, झुक्याई, डर त्रास, प्रलोभन, दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरुद्ध श्रमिकको रूपमा काममा लगाउनु हुँदैन ।

इच्छा विपरीत काममा लगाएमा १ वर्षसम्म कैद वा रु ५०,००० ।- सम्म जरिवाना वा दुवै सजाय हुनेछ । (बालश्रम नियमित तथा निषेध गर्ने ऐन २०५६)



## म के गर्न सक्छु त ?

- आफ्नो घर तथा व्यवसायमा बालश्रमिकको प्रयोग गर्दिन । बरु वयस्क श्रमिकलाई प्रोत्साहन गर्छु ।
- बालश्रमिक प्रयोग भएर उत्पादन भएका वस्तु तथा सेवाको उपभोग गर्दिन ।
- बालश्रमिक प्रयोग भएको देखेमा वा उनीहरूमाथि दुर्व्यवहार भएमा प्रहरी तथा श्रम कार्यालयमा उजुरी गर्छु ।
- बालश्रमको विषयमा म संवेदनशील हुन्छु र अरुलाई पनि बनाउँछु ।
- श्रममा आउन सक्ने जोखिम भएका बालबालिकाको शैक्षिक निरन्तरताका लागि म सहयोग गर्छु ।

# बालश्रमविरुद्ध नागरिक अभियान

End child labor in supply chains - It's everyone's business!

**उत्पादन तथा आपूर्ति शृङ्खलामा बालश्रमको अन्त्य गरौं: यो हामी सबैको सरोकार हो ।**

# बालश्रमविरुद्ध विश्व दिवस २०१६

अन्तर्राष्ट्रिय श्रम संगठनको निकृष्ट बालश्रम निर्मूलनसम्बन्धी महासन्धि नं १८२ लाई अनुमोदन गरेको स्मरणमा सन् २००२ देखि हरेक वर्ष १२ जुनलाई बालश्रमविरुद्धको विश्व दिवसको रूपमा विश्वभरि नै मनाइने गरिन्छ । विगत वर्षहरू झैँ यस वर्ष पनि १२ जुनलाई "उत्पादन तथा आपूर्ति शृङ्खलामा बालश्रमको अन्त्य गरौं: यो हामी सबैको सरोकार हो (End child labor in supply chains - It's everyone's business!) भन्ने नाराका साथ १५ औं बालश्रमविरुद्ध विश्व दिवस संसार भरि नै मनाइदैछ । यस वर्षको नारामा बालश्रम र उत्पादन तथा आपूर्ति शृङ्खलाको सन्दर्भलाई विशेष रूपमा उजागर गर्न खोजिएको छ । Supply chain भन्नाले वस्तुको उत्पादनदेखि बितरणसम्म बालश्रमको प्रयोगलाई देखाउँछ । हामी पनि १२ जुनलाई नेपालबाट बालश्रमलाई अन्त्य गर्ने प्रतिबद्धताका साथ कार्य गर्न  र बालश्रम अन्त्यका लागि हातेमालो गरी अघि बढ्न आग्रह गर्दै उत्सवको रूपमा मनाउन अनुरोध गर्दछौं । यस दिनले सरकारी तथा गैरसरकारी निकाय र नागरिक समुदायलाई बालश्रमविरुद्ध आफूले गरेका काम र उपलब्धिलाई मापन गर्नलाई सचेत गराउँदछ । बालश्रमविरुद्धको अभियानमा एकजुट हुन हामी सबैमा हार्दिक आव्हान गर्दछौं ।

**बालश्रमविरुद्ध विश्व दिवस किन मनाउने ?**

हामी सबैलाई थाहा छ बालश्रमले आधुनिक दासताको रूपमा समाजमा जरा गाडेको छ  । बालश्रम शोषणले बालबालिकाको आधारभूत मानवअधिकारको हनन गर्दछ । नेपालको संविधान २०७२ ले पनि बालश्रमलाई संवैधानिक रूपमा नै निषेधित गरेको छ । बालश्रम शोषणका कारण लाखौं बालबालिका  शिक्षालगायतका नैसर्गिक अधिकारबाट वञ्चित छन् । सन् २०१६ को बालश्रमविरुद्ध विश्व दिवस विशेष गरी सेवा र सामाग्रीको (आपूर्तिको) वितरण चक्रमा बालबालिकाको श्रमको प्रयोगको विरुद्धमा छ । कृषि, उत्पादन, निर्माण तथा खानी र सेवा प्रवाहमा बालबालिकाको श्रमको प्रयोगले अझै पनि संसार भरि १६ करोड ८० लाख बालबालिका श्रममा रहेको अवस्था छ । नेपालमा पनि लाखौँ बालबालिका श्रममा संलग्न छन् ।

हामी सबै उपभोक्ता, सुरक्षाकर्मी, सरकारी कर्मचारी, पेशागत व्यवसायी तथा सामाजिक कार्यकर्ताहरूलाई बालश्रम अन्त्य गर्न, बालश्रमको प्रयोगलाई बहिष्कार गर्न तथा बालश्रमका विरुद्ध आवाज उठाउन अनुरोध गर्दछौं । हामी आफ्नो समुदायमा बालबालिका माथि श्रमशोषण तथा दुर्व्यवहार भएको देखिएमा त्यसका बिरुद्ध आवाज उठाउन, बालबालिकाको संरक्षण तथा **उनीहरुको सामाजिक सुरक्षाको साथ पारिवारिक पुनर्मिलनका लागि कार्य गर्न हार्दिक अनुरोध गर्दछौं ।**

**हामी नेपाल सरकारसँग बालश्रमविरुद्ध निम्न माग गर्दछौं :**

- अनौपचारिक क्षेत्रको श्रमलाई समेत समेटेर बालश्रमसम्बन्धी नयाँ ऐनको निर्माण र प्रभावकारी कार्यान्वयन गर्न ।
- १५ वर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा लगाउन पूर्ण निषेध गर्न ।
- बालश्रममा संलग्न बालबालिकालगायत सबै बालबालिकालाई सामाजिक सुरक्षाको दायरामा ल्याउन ।
- श्रम क्षेत्रको अनुगमन गरी राज्यद्वारा निषेध गरिएका बालश्रममा रहेका श्रमिक बालबालिकालाई तत्काल उद्दार गरी  सामाजिक सुरक्षाका साथ पारिवारिक पुनर्मिलन र दिगो पुनर्स्थापना गर्न ।
- श्रममा रहेका १५ वर्षभन्दा बढी उमेरका बालबालिकाका लागि नि:शुल्क शिक्षा, स्वास्थ्य तथा जन्मदर्ताको सरल र सहज व्यवस्था गर्न ।
- बालश्रम प्रयोग गर्नेमाथि कानुनी कार्यवाही गर्न ।

**तथ्याङ्कमा बालश्रम**

- बालश्रमिकहरूको संख्याको कुरा गर्ने हो भने दक्षिण एसियामा भारत, बंगलादेश र पाकिस्तान पछि नेपाल पर्दछ ।
- नेपालमा रहेका ५ देखि १७ वर्ष उमेर समूहका बालबालिकामध्ये २६ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको तथ्याङ्कले देखाएको छ ।
- नेपालमा ९२ प्रतिशतभन्दा बढी बालबालिकाले बिनाज्याला घर भित्र र बाहिर काम गरेको पाइएको छ ।(South Asia – children in labor and employment-ILO 2015)
- नेपालमा १६ लाख बालबालिका श्रममा संलग्न रहेको पाइएको छ । (श्रम शक्ति सर्वेक्षण २००८)
- नेपालमा रहेका धेरै बालश्रमिकहरू अनौपचारिक क्षेत्रको श्रममा संलग्न भएको पाइएको छ । जसअनुसार बालबालिका कृषि, घरेलु, भरिया, इँटा भट्टा, खानी र चिया-पसल र सडकमा छन् ।
- नेपालमा श्रममा संलग्न भएका १६ लाख बालबालिकामध्ये करिब ९ लाख बालिकाहरू तथा ७ लाख बालकहरू रहेका छन् ।
- बालश्रमिकहरूमध्ये २४.७ प्रतिशत (३ लाख ९५ हजार) ५ देखि ९ वर्ष उमेर समूहका, ५१.३ प्रतिशत (८ लाख २१ हजार) १० देखि १४ वर्ष उमेर समूहका तथा २४ प्रतिशत ( ३ लाख ८३ हजार) श्रमिक बालबालिकाहरू १५ देखि १७ वर्ष उमेर समूहका रहेका छन् । ( श्रम शक्ति सर्वेक्षण २००८)
- सन् २००९ मा सिविसले काठमाण्डौको ५६००० घरधुरीमा गरेको अध्ययनअनुसार प्रत्येक १९ मध्ये १ घरमा घरेलु बालश्रमिक रहेको पाइएको छ ।
- सन् २००५ मा सिविसले गरेको अध्ययनअनुसार ५६.८ प्रतिशत घरेलु श्रमिक यौन दुर्व्यवहारमा परेको पाइएको छ ।
- सन् २०११ मा श्रम विभागले काठमाण्डौमा गरेको अध्ययनअनुसार ३८४ जना बालबालिका यातायात क्षेत्रको श्रममा रहेको पाइएको छ ।
- सन् २०१५ को डिसेम्बरमा बालविकास समाज र सेभ दि चिल्ड्रेनले भक्तपुरका १५ वटा इँट्टा भट्टामा गरेको अध्ययनमा ४९० जना बालबालिका भेटिएका छन् ।
- विश्वास नेपाल संस्थाले काठमाण्डौमा गरेको कार्यक्रम र अध्ययनअनुसार १५०० बालबालिका न्युरोड तथा जमल क्षेत्रमा  मनोरञ्जन क्षेत्रको श्रममा संलग्न पाइएको छ ।

**बालश्रमविरुद्ध विश्व दिवस २०१६ नागरिक अभियान संयोजन समिति**

**सदस्य संस्थाहरू:**

राष्ट्रिय बालसंरक्षण सञ्जाल नेपाल, कन्सोर्टियम नेपाल, सिविस नेपाल, बाल विकास समाज, स्वतन्त्रता अभियान नेपाल, एफ.एच.आर.डी भक्तपुर, युवालय, फोएप नेपाल, चाइल्ड नेपाल,  सचेतना कार्यक्रम( नेपाल टेलिभिजन), नेपाल गुडविभ फाउन्डेसन, जे.वाई.सि.वाई.एन., अचेल नाट्य समूह, विश्वास नेपाल, एक्सेस , महिला एकता समाज, शैली थिएटर, शक्ति समूह,लू:निभा:बालसरोकार समूह, चेन्ज नेपाल, गतिशील युवा मञ्च, टिडिएच जर्मनी र सेभ द चिल्ड्रेन


सचिवालय :

समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस)

पो.ब.नं. २१४३३

फोन नं. ०१-४७८४५४५, ४७८०४६,

फ्याक्स: ०१-४७८१३८६

वेबसाइट: www.cwish.org.np